# बैठक नं. ६८

आज मिति २०७६ चैत्र २१ गते शुक्रबार बिहान ०८:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

हाल विश्वभर फैलिएको कोरोना भाइरस ( कोभिड-१९ ) को कारण सिर्जित असहज परिस्थितिको व्यवस्थापन र यसबाट पीडित एवं प्रभावित व्यक्तिहरुलाई मापदण्ड बमोजिम राहत वितरण गर्नका लागि तपशील बमोजिम गर्ने गराउने निर्णय गरियो ।

तपशिलः

क. कीर्तिपुर नगरपालिकाको “ आकस्मिक कोष” संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ स्वीकृत गर्ने ।

ख. नेपाल सरकारले तयार गरेको नमूनामा आधारित रही बनाइएको “ कीर्तिपुर नगरपालिकाको राहत वितरण मापदण्ड, २०७६” स्वीकृत गर्ने ।

ग. यस नगरपालिकाले नेपाल भ्रमण वर्षको अवसरमा आयोजना गर्ने भनिएको “कीर्तिपुर महोत्सव, २०२०” स्थगित गरिएकाले उक्त महोत्सवका लागि विनयोजित रकम खर्च हुन नसक्ने हुँदा सोही शीर्षकबाट ५० लाख (अक्षरुपी पचास लाख) झिकी नगरपालिकाको आकस्मिक कोष खडा गरी कीर्तिपुर स्थित राष्ट्रिय वाणिज्य बैंक ( संचित कोषको खाता भएको) मा आकस्मिक कोषको खाता खोली संचालन गर्ने गराउने ।

घ. उक्त आकस्मिक कोषको रकम अभिवृद्धि गर्न र सरोकारवाला एवं सहयोगी निकायहरुको सहभागिता बढाउनका लागि सो कोषमा स्वैच्छिक रुपमा सहयोग गर्नका लागि सार्वजनिक रुपमा आह्वान गर्ने

ङ. आकस्मिक कोषमा रकम व्यवस्था गरी अत्यावश्यक राहत र सहयोग उपलब्ध गराउनका लागि नेपाल सरकारले तोके बमोजिमको यस कीर्तिपुर नगरपालिका अन्तर्गतका सबै कर्मचारी र सामुदायिक विद्यालयका शिक्षकहरुको अधिकृत स्तरको ५ दिन र सहायक तथा श्रेणी विहिन कर्मचारीको ३ दिन बराबरको तलब आकस्मिक कोषमा जम्मा गर्ने गराउने र सो भन्दा बढी रकम जम्मा गर्न चाहेमा स्वैच्छिक रुपमा जम्मा गर्न आह्वान गर्ने

च. राहत वितरण गर्दा दोहोरो नपर्ने गरी एक द्वार प्रणालीबाट वितरण गर्ने व्यवस्था मिलाउने

निर्णय नं.२

कोरोना नियन्त्रण र रोकथामको कार्यमा खटिने जनप्रतिनिधी, स्वास्थ्यकर्मी लगायत व्यवस्थापकीय कार्यमा खटिने जनशक्तिलाई तपशिल बमोजिम हुने गरी थप सेवा सुविधाको व्यवस्था गरी परिचालन गर्नेः

तपशिलः

क. प्रयोगशाला, स्वास्थ्य परीक्षण र उपचारमा प्रत्यक्ष रुपमा खटिने सबै चिकित्सक, स्वास्थ्यकर्मी तथा नर्सिंग कर्मचारीहरुलाई शूरु तलबमानको सतप्रतिशतले हुने रकम उपलब्ध गराउने ।

ख. प्रकरण “क” मा उल्लेख भएका कार्यमा सहयोग गर्न खटिने सबै प्राविधिक कर्मचारीलाई शुरु तलबमानको पचहत्तर प्रतिशतले हुने रकम उपलब्ध गराउने ।

ग. प्रकरण “ क” र “ख” को कार्यमा सहयोग गर्न खटिने अन्य सबै कर्मचारीलाई शुरु तलबमानको पचास प्रतिशतले हुने रकम उपलब्ध गराउने ।

घ. प्रकरण “क”, “ख” र “ग” बमोजिमको कार्यमा खटिने करारका जनशक्तिलाई समेत उपलब्ध गराउने ।

ङ. कोरोना नियन्त्रण, रोकथाम, तथ्याङ्क संकलन तथा राहत वितरण कार्यमा खटिने जनप्रतिनिधी तथा कर्मचारीहरुलाई समेत तलब स्केलको पचास प्रतिशत ( जनप्रतिनिधिहरुको हकमा प्रदेश कानुन बमोजिम विगतमा उपलब्ध गराईएको मासिक सुविधालाई आधार मानी ) उपलब्ध गराउने ।

च. कोरोना रोकथाम, नियन्त्रण, उपचार तथा अन्य कार्यमा खटिनेक्रममा कोरोनाको संक्रमण भएमा नगरपालिकाको तर्फबाट उपचार खर्च व्यहोर्ने र मृत्य भएमा रु.१०,००,००० ।- विमा वापत उपलब्ध गराउने ।

<u>निर्णय नं.३</u>

उपत्यका नगरपालिका फोरम, काठमाडौंको मिति २०७६ चैत्र ९ गतेको प्राप्त पत्रानुसार “अन्तराष्ट्रिय मेयर सम्मेलन-२०२०” का लागि यस नगरपालिकाको तर्फबाट रू.९,८६,२५०।– मध्ये चालू आ.व मा भुक्तानी गर्नु पर्ने रकम रु. ३,७६,६८७।५० ( अक्षरुपी तीन लाख छहत्तर हजार छ सय सतासी रुपैयाँ पचास पैसा ) यस नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं.४</u>

नेपाल सरकारले घोषणा गरेको लकडाउनका कारण असंगठित श्रमिक, मजदुर र असहाय व्यक्तिहरुलाई राहत वितरणका लागि सबै वडाबाट तथ्याङ्क संकलन गर्ने निर्णय गरियो ।